बेलौरी नगरपालिका, श्रीपुर, कञ्चनपुर

# नगर कार्यपालिकाको बैठक

मितिः २०७८/०१/१२ र १३ गते

## निर्णयहरू

१. नेपाल सरकार, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको निर्णय बमोजिम यस नगरपालिका अन्तर्गतका सबै विद्यालयहरू तथा शिक्षालयमा भौतिक उपस्थिति सहितको पठनपाठन बन्द गर्ने । भर्चुअल र बैकल्पिक माध्यमबाट मात्र पठनपाठन जारी राख्ने एवम् स्वास्थ्यका सबै मापदण्डहरू पालना गरी विद्यालय तथा शिक्षालयहरूको प्रशासनिक कामकारवाही जारी राख्ने । परीक्षाका सबै कार्यक्रमहरू नगर कार्यपालिकाको अर्को आदेश नभएसम्म प्रारम्भ नगर्ने ।

२. नयाँ भेरिएण्ट सहितको कोभिड-१९ महामारीको रोकथाम, उपचार एवम् न्यूनीकरणको लागि यस नगरपालिकाको वडा नं. ९ मा रहेको आइसोलेशन तयारी अवस्थामा राख्ने । हाल सो आइसोलेशन ५० बेड क्षमतामा सञ्चालन गर्ने र आउँदा दिनहरूमा आवश्यकता अनुसार १०० बेड क्षमतामा स्तरोन्नती गर्ने ।

३. यस नगरपालिकाको दक्षिणतर्फ मित्रराष्ट्र भारतसँग खुला सीमाना रहेको र अवैधानिक रूपमा खुला सीमानाबाट मानवीय आवागमन हुँदा चोरी निकासी समेत कोभिड १९ को संक्रमण पनि तीब्र हुन जाने जोखिम रहेकाले सबै खुला सीमानाबाट हुने मानवीय आवागमनलाई बन्द गरी व्यवस्थित रुपमा स्वास्थ्यका मापदण्डहरू पूरा गरी मानवीय आवागमनलाई व्यवस्थित गर्न यसै नगरपालिकाको वडा नं. ६ मा रहेको बैशाखी नाका खुला गर्नको लागि सम्बन्धित निकायहरूमा लेखी पठाउने ।

४. नयाँ भेरिएण्ट सहितको कोभिड-१९ महामारीको रोकथाम एवम् न्यूनीकरणको लागि नगरपालिका अन्तर्गत रहेका सबै सरकारी तथा गैर सरकारी कार्यालय, निकाय, बैंक तथा वित्तीय संस्थाहरूमा भिडभाड हुन नदिने, सामाजिक दूरी कायम गरी सेवा प्रवाह गर्ने र आवश्यक परेमा आलोपालो/रोलक्रममा सेवाग्राहीहरूलाई बोलाउन समेत सम्बन्धित निकायहरूलाई लेखी पठाउने ।

५. कोभिड १९ को संक्रमण रोकथाम तथा न्यूनीकरण र भिडभाडलाई समेत कम गर्नको लागि नगर कार्यपालिकाको कार्यालयबाट प्रवाह हुँदै आएको राजश्व संकलनको कार्यलाई वडा स्तरमा नै व्यवस्थापन गर्नको लागि आवश्यक कारवाही अघि बढाउने ।

६. नगर कार्यपालिकाको सेवा प्रवाहलाई सामाजिक दुरी कायम गर्दै व्यवस्थापन गर्नको लागि यही महीनाको १५ गतेबाट अत्यावश्यक बाहेकका कामहरूको लागि देहाय बमोजिम गर्ने र सोही बमोजिम सबै वडा कार्यालयहरुबाट सेवाग्राही नागरिकहरूलाई सूचना संप्रेषण गर्ने ।

देहाय

| सेवा प्रवाह गर्ने वडाहरू | वडाहरू |
|---|---|
| आइतबार, मंगलबार, विहिबार | १, ३, ५, ७ र ९ |
| सोमबार, बुधबार, शुक्रबार | २, ४, ६, ८ र १० |

७. यस नगरपालिकाको ५ नं. वडा कार्यालय हालसम्म ४ नं. सँग संयुक्त रूपमा सञ्चालन हुँदै आएकोमा अव छुट्टै ५ नं. वडा बाटै सञ्चालन गर्नको लागि नगर कार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्था मिलाउने ।

८. नेपाल सरकारको पूर्व निर्णय बमोजिम नै विवाह, वर्तबन्ध, भोज भतेर तथा यस्तै प्रकारका अन्य पूजाआजा र मानवीय जमघटका कार्यहरू गर्दा अधिकतम २५ जनासम्म मात्रै भेला हुने प्रवन्ध मिलाउन सबै नगरवासीहरूमा अनुरोध गर्ने । सबै प्रकारका व्यवसायहरू वेलुका ८ बजेबाट बन्द गर्ने । सामाजिक आवागमनमा दूरी कायम गर्ने, अनिवार्य रूपमा मास्कको प्रयोग गर्न अनुरोध गर्ने । यी सबै कामकारवाहीहरूलाई व्यवस्थित गर्न नगरपालिका भित्र रहेका सबै सुरक्षा निकायहरूका यूनीटहरूबाट समेत सहयोग लिने ।

९. यस नगरपालिका अन्तर्गत रहेका तीन वटा एम्बुलेन्सहरूलाई तयारी हालतमा राख्ने । सबै एम्बुलेन्सहरूलाई नगर कार्यपालिकाको कार्यालयको व्यवस्थापनमा सञ्चालन गर्ने । भोलिका दिनमा आवश्यक पर्यो भने लक्ष्मीपूर स्वास्थ्य चौकीको एम्बुलेन्सलाई शब बाहनको रूपमा समेत प्रयोग गर्ने ।

१०. यस नगरपालिका अन्तर्गत रहेको शोभा ताल सरसफाई गर्दा निस्केको तालको माटोलाई सार्वजनिक सूचना जारी गरी प्रतिस्पर्धा गराई विक्री वितरण गर्ने ।

११. यस नगरपालिका क्षेत्रभित्र रहेका ३ सञ्चारका माध्यमहरूः रेडियो सुदूर सञ्चार, रेडियो बेलौरी र एन.बी. मिडियालाई कोभिड १९ को संक्रमण न्यूनीकरण सम्बन्धी सन्देश प्रचार प्रसार, कार्यालयका सूचनाहरू प्रवाह गर्ने तथा हाल सम्म सूचना प्रवाह गरे वापत र यस आर्थिक वर्षका बाँकी अवधिका लागि समेत कार्यालयबाट प्रसारण गर्नु पर्ने सूचनाहरूको लागि समेत कार्यालयसँग हुने सम्झौताको आधारमा क्रमशः रेडियोहरू प्रत्येकलाई रू. १ लाख पचास हजार र एन. बी. मिडियालाई रू. ५० हजार आर्थिक सहयोग गर्ने ।

-0-